# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज २१ गते २०३१ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

### आकस्मिक कोष नियमावली, २०३१

आकस्मिक कोष ऐन, २०१६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "आकस्मिक कोष नियमावली, २०३१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "आकस्मिक कोष" भन्नाले आकस्मिक कोष ऐन, २०१६ अन्तर्गत स्थापना भएको आकस्मिक कोष सम्झनुपर्छ ।

(ख) "आकस्मिक काम" भन्नाले दैवी प्रकोप वा दुर्घटना वा आन्तरिक वा बाह्य अशान्ति वा खतरा वा यस्तै किसिमको अन्य घटनाबाट उठेको समस्याको निमित्त गर्नु पर्ने काम वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराजबाट आकस्मिक काम भनी तोकिबक्सेको काम सम्झनुपर्छ ।

(ग) "पेश्की माग गर्ने अधिकारी" भन्नाले कुनै आकस्मिक कामको निमित्त आकस्मिक कोषबाट खर्च गर्न पेश्की रकम माग गर्ने अधिकारी सम्झनुपर्छ ।

३. आकस्मिक कोषको सञ्चालनः– (१) कुनै आकस्मिक काममा आकस्मिक कोषबाट खर्च गर्नु भनी श्री ५ महाराजाधिराजबाट निकासा बक्सेमा मात्र आकस्मिक कोष–बाट रकम झिकेर खर्च गर्न सकिनेछ ।

(२) आकस्मिक कोषको सञ्चालन अर्थ मन्त्रालयबाट हुनेछ र यसको सञ्चालन र रकमको निकासासम्बन्धी लेखा र हिसाब अनुसूचीमा तोकिएको ढाँचामा अर्थ सचिवले वा निजले तोकेको अन्य कुनै अधिकृतले राख्नेछ ।

४. आकस्मिक कोषबाट खर्चको निकासाको मागः– (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्चको निकासाको माग गर्दा पेश्की माग गर्ने अधिकारीले देहायका विवरण खोली अर्थ मन्त्रालयमार्फत माग गर्नु पर्नेछ ।

(क) आकस्मिक कामको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक काम पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको संकेत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको संभाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय ।

(२) उपनियम (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा अर्थ मन्त्रालयले नियम ३ को उपनियम (१) बमोजिम श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गरी निकासा भएबमोजिम आकस्मिक कोषबाट पेश्कीको रूपमा रकम दिनेछ र यसरी रकम दिएपछि अर्थ मन्त्रालयले त्यसको सूचना महालेखा परीक्षकको विभाग र महालेखापाल कार्यालयमा दिनु पर्नेछ ।

५. आकस्मिक काम पूरा भएको सूचना गर्नेः– आकस्मिक काम समाप्त भएपछि वा सो काम गर्ने संभावना छैन भन्ने यकीन गरेपछि सो कुराको सूचना पेश्की माग गर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकारीले अर्थ मन्त्रालय, महालेखा परीक्षकको विभाग र महालेखापाल कार्यालयमा तुरुन्त दिनु पर्नेछ ।

६. खर्च नभएको रकम सर्वसंचित कोषमा दाखिल गर्ने:– आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सब खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक काम समाप्त भएको वा सो काम गर्ने संभावना छैन भन्ने यकीन गरेको मितिले ३५ दिनभित्र त्यस्तो बाँकी रहेको रकम सर्वसंचित कोषमा दाखिल गर्नु पर्नेछ । यसरी रकम सर्वसंचित कोषमा दाखिल गरेपछि उक्त अधिकारीले त्यसको सूचना अर्थ मन्त्रालय, महालेखा परीक्षकको विभाग र महालेखापालको कार्यालयमा दिनु पर्नेछ ।

७. आकस्मिक कोषको सोध भर्नाः– आकस्मिक कोषबाट खर्च भएको रकम नेपालको संविधानको धारा ६६ बमोजिम पूरक विनियोजन ऐनद्वारा यथाशीघ्र सोध भर्ना गरिनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

(नियम ३ (२) संग सम्बन्धित)

## आकस्मिक कोषको खेस्ता

आकस्मिक कोषको रकम रु . . . . . . . . .                    अक्षरेपी . . . . . . . . . . . .

| सि. सं. | आकस्मिक कामको विवरण | विनियोजनको नाम र संख्या | पेश्की माग गरेको रकम | पेश्की दिएको रकम | थप पेश्की मागिएको रकम | थप पेश्की दिएको रकम | जम्मा पेश्की रकम | आकस्मिक काम पूरा भएको मिति | आकस्मिक काम पछि को बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोधभर्ना रकम | पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |

अर्थ सचिव वा निजले तोकेको
अधिकृतको दस्तखतः— . . . . . .

मितिः—

आज्ञाले—
नरकान्त अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।